जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाह्नु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७६ पृष्ठः ४ | २०८३ असार २८ आइतबार (Sunday 12 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मल अभावको सास्ती खेप्दै किसान



**मणिलाल विश्वकर्मा**

लहान, २७ असार। रोपाइँका लागि बर्सातले साथ दिए पनि यो वर्ष सरकारी अनुदानको मल नपाउँदा अप्ठ्यारोमा परेको किसानले गुनासो गरेका छन्। सिरहाको सुखीपुर नगरपालिका- ५, लडकन्हाका किसान दिनेश यादवले करिब पाँच बिघा धानखेतीका लागि एक किलो मलसमेत नपाएको गुनासो गरे। लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडसम्म आएका उनले भने, 'गाउँमा मल बाँड्ने लाइसेन्स लिएका दुई कृषि सहकारी संस्था छन्, अहिलेसम्म मल नै बाँडेका छैनन्।'

सिरहाको गोलबजार नगरपालिका- ४, निपनियाँ गाउँकी किसान गंगा क्याप्छाकीले भनिन्, 'एक बिघा पाँच कट्ठामा धान रोपाइँका लागि गाउँको कृषि सहकारीमा मल नै पाइएन।' गाउँनजिकैको कृषि सहकारीमा पटक-पटक धाउँदा पनि नपाएपछि अर्को वडाको सहकारीबाट भनसुन गरी दुई बोरा डिएपी र एक बोरा युरिया ल्याएर काम चलाएको उनले बताइन्। कृषि सामग्री कम्पनी लिमिटेड लहानका शाखा प्रबन्धक चेबनकुमार खड्काले कतिपय पालिकाको कृषि शाखाले विक्रेता रहेका स्थानीय सहकारीलाई सिफारिस नदिने, सिफारिस पाएका सहकारीहरूले पनि कम्पनीले भनेको समयमा मल नउठाउने र किसानको आवश्यकता अनुसार वितरण नगर्दा समस्या भएको हुन सक्ने बताए। सीमावर्ती नवराजपुरका पाँचवटा सहकारीलाई पटक-पटक सूचना पठाउँदा पनि ५ असारको कोटाको मल बल्ल तीन दिनअघि मात्र लगेको उनले बताए। 'कृषि सहकारीले पाएको कोटाअनुसारको मल वेलैमा उठाइदिँदा कम्पनी र किसान दुवैलाई सहज हुन्छ,' उनले भने।

आर्थिक वर्ष ०८२/८३ का लागि लहान शाखालाई प्राप्त कोटा आठ हजार दुई सय मेट्रिकटन युरियाको ९९ प्रतिशत र सात हजार तीन सय मेट्रिकटन डिएपीको ७४ प्रतिशत प्राप्त भइसकेको उनले बताए।

## कर्तव्य ज्यान र संगठित अपराध मुद्दाका दुई प्रतिवादी कारागार चलान

लहान, २७ असार। व्यक्ति हत्या र संगठित अपराध सम्बन्धी छुट्टाछुट्टै मुद्दामा पक्राउ गरिएका दुई जना प्रतिवादी जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि सिरहा कारागार चलन गरिएका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा नगरपालिका १ का प्रेमनाथ यादवको हत्यामा संलग्न रहेका स्थानीय पूर्व शिक्षक उपेन्द्र यादव र स्थानीय पूजारीको ज्यान मार्ने उद्योग तथा संगठित अपराध सम्बन्धी मुद्दामा सिरहाका औरही गाउँपालिका ५ का ५५ वर्षीय हरि ठाकुरलाई पुर्पक्षका लागि शुक्रबार सिरहा जिल्ला अदालतको आदेशमा सिरहा कारागार चलान गरिएका हुन्।

पारिवारिक रिसइवी र मनमुटावको कारणले सिरहा नगरपालिका ७ स्थित बाँसघारीमा भारतीय सुटर परिचालन गरी १६ माघको अपरान्ह प्रेमनाथको हत्या भएको प्रहरीले जनाएको छ। उक्त घटनाको अनुसन्धानको क्रममा पूर्व शिक्षक यादवलाई प्रहरीले गत २७ वैसाखमा पक्राउ गरी थप अनुसन्धान गरिएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेबबहादुर पालले जानकारी दिए।

**दुवै घटना पारिवारिक रिसइवी कारण**

नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) बाट प्राविधिक विज्ञसहितको टोली, पर्सा बीरगंजस्थित

**-बाँकी तीन पेजमा**

## प्राधिकरणले विद्युत् पोल नसार्दा चोहर्वा बजारको नाला निर्माणमा ढिलाइ

स्थानीयका अनुसार पटक-पटक मौखिक तथा लिखित आग्रह गर्दा पनि नेपाल विद्युत् प्राधिकरणबाट आवश्यक पहल हुन सकेको छैन।



**सुरेश राय**

सिरहा, २७ असार। सिरहाको गोलबजार नगरपालिका-८ स्थित पुरानो चोक चोहर्वा बजारमा भौतिक पूर्वाधार विकास कार्यालय, सिरहाद्वारा नाला निर्माण कार्य विद्युत् पोल स्थानान्तरण नहुँदा अधुरो रहेको भन्दै स्थानीयले गुनासो गरेका छन्। स्थानीयका अनुसार पटक-पटक मौखिक तथा लिखित आग्रह गर्दा पनि नेपाल विद्युत् प्राधिकरणबाट आवश्यक पहल हुन सकेको छैन।

चोहर्वा बजार विकास समितिका अध्यक्ष नागेन्द्रप्रसाद सिंहले वडाको सिफारिससहित नेपाल विद्युत् प्राधिकरण मिर्चैयामा पोल हटाउन निवेदन दर्ता गराएको महिनौं बितिसक्दा पनि कुनै सुनुवाइ नभएको बताए। उनले भने, 'ठाउँ-ठाउँमा रहेका पोलका कारण नालाको जोड्ने काम हुन सकेको छैन। नाला नजोडिँदा पानी जम्ने, दुर्गन्ध फैलिने तथा सर्वसाधारण र बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असरपर्ने जोखिम बढने देखिएको छ।'

स्थानीय शिवकुमार यादवले नाला निर्माणपछि बजार व्यवस्थित हुने अपेक्षा गरे पनि अधुरो निर्माणका कारण समस्या झन् बढेको बताए। उनका अनुसार पानी जम्दा आवतजावत र किनमेलमा समेत कठिनाइ भइरहेको छ। भौतिक पूर्वाधार विकास कार्यालयका इन्जिनियर शेखरमणि सिंहले विद्युत् पोल नसारिएकै कारण बाँकी काम रोकिएको स्वीकार गरे। उनले पोल स्थानान्तरण भएलगत्तै नालाको जोड्ने कार्य सुरु गरिने जानकारी दिए।

भौतिक पूर्वाधार मन्त्रालयले आर्थिक वर्ष २०८२/८३ का लागि उक्त योजनाको ठेक्का नं. ४७ अन्तर्गत ४५ लाख रुपैयाँको लागत अनुमान स्वीकृत गरेको थियो। सोही योजनाअन्तर्गत मिर्चैयास्थित चन्द्र कन्सल्टेन्सी एन्ड कन्स्ट्रक्सन कम्पनीले भ्याटसहित ३८ लाख ७९ हजार ७८ रुपैयाँमा ठेक्का सम्झौता गरेको छ। कम्पनीले हालसम्म २९ लाख ८ हजार २७८ रुपैयाँ भुक्तानी पाइसकेको कार्यालयले जनाएको छ।

नेपाल विधुत प्राधिकरण मिर्चैया शाखाका सुपरभाइजर जीवछ शर्माले निवेदन दिएर मात्रै काम नहुने बताए। 'निवेदन दिनेले समय-समयमा ताकेता गर्नुपर्ने हुन्छ। दिनमा ५ देखि १० वटा यस्ता निवेदन आउँछन्। कर्मचारीहरू पनि फिल्डमै हुन्छन्। समन्वय नभएको कारण ढिलो भएको हुनसक्छ,' उनले भने।





**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## विद्यालयमा शुद्ध पानीको अधिकार

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले सिरहाको गोलबजारस्थित एक विद्यालयमा खानेपानी उपचार प्लान्ट उद्घाटन गर्दै "प्रत्येक विद्यार्थीले शुद्ध खानेपानी पाउनुपर्छ" भन्ने अभिव्यक्ति दिएका छन्। यो भनाइ केवल औपचारिक उद्घोषणा होइन, नेपालको विद्यालय शिक्षासँग जोडिएको एउटा गम्भीर यथार्थको प्रतिबिम्ब पनि हो। शिक्षा भनेको केवल पाठ्यपुस्तकको ज्ञान हासिल गर्ने प्रक्रिया मात्र होइन सुरक्षित, स्वस्थ र सम्मानजनक वातावरणमा सिक्ने अधिकारको सुनिश्चितता पनि हो। त्यस्तो वातावरण निर्माण गर्न शुद्ध खानेपानीको उपलब्धता आधारभूत पूर्वशर्त हो।

नेपालका धेरै सामुदायिक विद्यालयमा अझै पनि सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छताका आधारभूत सुविधा पर्याप्त छैनन्। विशेषगरी मधेशका कतिपय जिल्लामा भूमिगत पानीमा अत्यधिक आइरन, आर्सेनिक तथा अन्य अशुद्ध तत्वको समस्या देखिँदै आएको छ। यस्ता पानी नियमित सेवन गर्दा विद्यार्थीको स्वास्थ्यमा दीर्घकालीन नकारात्मक असर पर्न सक्छ। स्वास्थ्य कमजोर हुँदा सिकाइ क्षमता घट्ने, विद्यालयमा नियमित उपस्थितिमा कमी आउने तथा समग्र शैक्षिक उपलब्धिमा असर पर्ने तथ्य विभिन्न अध्ययनले देखाइसकेका छन्। त्यसैले विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था गर्नु स्वास्थ्यसँग मात्र होइन, शिक्षाको गुणस्तरसँग पनि प्रत्यक्ष रूपमा जोडिएको विषय हो।

गोलबजार–११ स्थित श्री जनता माध्यमिक विद्यालयमा जडान गरिएको पानी उपचार प्लान्टले करिब पाँच सय विद्यार्थीलाई प्रत्यक्ष लाभ पुऱ्याउने भएको छ। यसले सरकारी निकाय, स्थानीय तह र गैरसरकारी संस्थाबीचको सहकार्यबाट समुदायका आधारभूत समस्या समाधान गर्न सकिने सन्देश दिएको छ। हेल्पिङ ह्याण्डजस्ता संस्थाले सामाजिक उत्तरदायित्वका साथ गरेको लगानी प्रशंसनीय छ। तर विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था दातृ संस्था वा गैरसरकारी संस्थाको सहयोगमा मात्र सीमित हुनु हुँदैन। यो राज्यको संवैधानिक दायित्व हो। संविधानले प्रत्येक नागरिकलाई स्वास्थ्य र शिक्षाको अधिकार सुनिश्चित गरेको छ भने विद्यालयमा सुरक्षित खानेपानी उपलब्ध गराउनु त्यसको अभिन्न हिस्सा हो।

मन्त्री सिंहले मधेश प्रदेशको शैक्षिक अवस्था देशमै कमजोर रहेको भन्दै चिन्ता व्यक्त गरेका छन्। वास्तवमा शिक्षाको गुणस्तर सुधार केवल शिक्षक थप्ने, भवन बनाउने वा नयाँ नीति ल्याउने विषय मात्र होइन। विद्यालयको समग्र सिकाइ वातावरण सुधार नगरी गुणस्तरीय शिक्षा सम्भव हुँदैन। स्वच्छ शौचालय, सुरक्षित खानेपानी, पर्याप्त सरसफाइ, पोषणयुक्त वातावरण र विद्यार्थीमैत्री पूर्वाधारले मात्र शिक्षाको वास्तविक आधार तयार गर्छ। त्यसैले सरकारले घोषणा गरेका स्वयंसेवक शिक्षक, नमुना विद्यालय तथा छात्रावास निर्माणजस्ता योजनासँगै विद्यालयको आधारभूत स्वास्थ्य पूर्वाधारलाई पनि समान प्राथमिकतामा राख्न आवश्यक छ।

स्थानीय तहको भूमिका पनि यहाँ अत्यन्त महत्वपूर्ण हुन्छ। विद्यालय व्यवस्थापन, खानेपानी, सरसफाइ तथा पूर्वाधार विकासमा स्थानीय सरकार सबैभन्दा नजिकको निकाय हो। प्रत्येक नगरपालिकाले आफ्ना विद्यालयको खानेपानीको गुणस्तर नियमित परीक्षण गर्ने, आवश्यक स्थानमा उपचार प्लान्ट जडान गर्ने तथा यसको मर्मतसम्भारका लागि स्थायी बजेट व्यवस्था गर्ने नीति अवलम्बन गर्नुपर्छ। एकपटक प्लान्ट जडान गरेर मात्र दायित्व पूरा हुँदैनन्न यसको दीर्घकालीन सञ्चालन, नियमित मर्मत र गुणस्तर परीक्षण पनि उत्तिकै आवश्यक हुन्छ।

यससँगै विद्यार्थीमा पानी, सरसफाइ र व्यक्तिगत स्वच्छतासम्बन्धी व्यवहार परिवर्तन गराउने अभियान पनि निरन्तर सञ्चालन गर्नुपर्छ। केवल संरचना निर्माण गरेर मात्र उद्देश्य पूरा हुँदैन। सुरक्षित पानीको प्रयोग, हात धुने बानी, सरसफाइको अभ्यास तथा वातावरण संरक्षणबारे विद्यालयमै व्यवहारिक शिक्षा दिन सकिए त्यसले भविष्यका स्वस्थ र जिम्मेवार नागरिक तयार गर्न सहयोग पुऱ्याउँछ।

शुद्ध खानेपानी कुनै विलासिता होइन, प्रत्येक बालबालिकाको आधारभूत अधिकार हो। विद्यालयमा सुरक्षित पानीको व्यवस्था हुनु भनेको स्वस्थ विद्यार्थी, प्रभावकारी सिकाइ र गुणस्तरीय शिक्षातर्फको पहिलो कदम हो। सिरहाको यो पहल अन्य विद्यालयका लागि पनि प्रेरणादायी बन्नुपर्छ। अब आवश्यक कुरा उद्घाटन कार्यक्रमभन्दा बढी यसको विस्तार, निरन्तरता र प्रभावकारी कार्यान्वयन हो। राज्य, स्थानीय तह, विद्यालय, अभिभावक र सामाजिक संस्थाहरूले साझा जिम्मेवारीका साथ काम गरे मात्र नेपालको प्रत्येक विद्यालयमा विद्यार्थीले सुरक्षित र शुद्ध पानी पिउने अधिकार व्यवहारमै सुनिश्चित हुनेछ।

# जनसांख्यिकीय सङ्क्रमणको कोणबाट युवाका आकांक्षा र राज्यको दायित्व

**अनुप अधिकारी**

प्रत्येक वर्ष जुलाई ११ मा मनाइने विश्व जनसंख्या दिवस केवल जनसंख्याको आकार मापन गर्ने औपचारिक अवसर मात्र होइन। यो मानव विकास, सामाजिक न्याय, जनसांख्यिकीय परिवर्तन र दिगो भविष्यबारे आत्ममूल्यांकन गर्ने विश्वव्यापी अवसर हो। सन् २०२६ को विश्व जनसंख्या दिवसको मूल नारा 'रियलाइजिङ द होप एन्ड एस्पिरेसन्स अफ योङ पिपुल : टुडे एन्ड द फ्युचर' हो। यसले आफैँमा गहिरो सन्देश बोकेको छ। कुनै राष्ट्रको भविष्य केवल जनसंख्याको आकारले निर्धारण गर्दैन। त्यस राष्ट्रका युवाले आफ्नै देशमा अवसर, सम्मान, सुरक्षा र भविष्य देख्न सक्छन् कि सक्दैनन् भन्ने कुराले निर्धारण गर्छ।

नेपालका लागि यो सन्देश झनै सान्दर्भिक छ। विगत पाँच दशकसम्म नेपालको जनसंख्यासम्बन्धी बहसको केन्द्र उच्च जन्मदर, परिवार नियोजन र जनसंख्या नियन्त्रण थियो। स्वास्थ्य, शिक्षा र सामाजिक विकासका सूचकहरूमा सुधारसँगै जन्मदर घट्यो, मातृ तथा शिशु मृत्युदर उल्लेखनीय रूपमा कम भयो, औसत आयु बढ्यो र परिवारको आकार सानो हुँदै गयो। आज भने नेपालको प्रमुख चुनौती जनसंख्या वृद्धि नियन्त्रण होइन, बदलिँदो जनसंख्याको संरचनालाई आर्थिक, सामाजिक र राष्ट्रिय समृद्धिको आधारमा कसरी रूपान्तरण गर्ने भन्ने हो।

राष्ट्रिय जनगणना २०७८ ले नेपालको जनसांख्यिकीय इतिहासमा नयाँ अध्याय सुरु भएको स्पष्ट संकेत दिएको छ। देशको वार्षिक जनसंख्या वृद्धिदर ०.९२ प्रतिशतमा झरेको छ, कुल प्रजननदर करिब १.९ बच्चा प्रतिमहिलामा सीमित भएको छ, जुन प्रतिस्थापन तह (करिब २.१) भन्दा तल हो। यसको अर्थ दीर्घकालसम्म अहिलेको प्रवृत्ति कायम रहे नयाँ पुस्ताले पुरानो पुस्तालाई पूर्ण रूपमा प्रतिस्थापन गर्न सक्ने अवस्था कमजोर हुँदै जान सक्छ। यसैबीच, लाखौँ युवा वैदेशिक रोजगारीका लागि बिदेसिएका छन्, ग्रामीण बस्तीहरू क्रमशः खाली हुँदै गएका छन् र ६० वर्षभन्दा माथिका नागरिकको संख्या तीव्र गतिमा बढिरहेको छ। यी तथ्यांकहरू केवल जनगणनाका संख्या होइनन्न यिनले नेपालको आर्थिक, सामाजिक र राजनीतिक भविष्यको स्पष्ट संकेत गरिरहेका छन्।

### विकासको ऐनामा जनसांख्यिकीय सङ्क्रमण

कुनै पनि समाजको विकासको गति बुझ्न जनसांख्यिकीय सङ्क्रमण सिद्धान्त (डेमोग्राफिक ट्रान्जिसन थिअरी) अत्यन्त उपयोगी मानिन्छ। यस सिद्धान्त अनुसार समाज उच्च जन्मदर र उच्च मृत्युदर भएको अवस्थाबाट क्रमशः न्यून जन्मदर र न्यून मृत्युदर भएको अवस्थातर्फ रूपान्तरण हुन्छ। प्रारम्भिक चरणमा स्वास्थ्य सेवा कमजोर, औसत आयु कम र ठूलो परिवार सामाजिक तथा आर्थिक आवश्यकताको रूपमा रहन्छ। स्वास्थ्य सेवा, पोषण, सरसफाइ र शिक्षामा सुधारसँगै मृत्युदर घट्छ। त्यसपछि महिलाको शिक्षा, सहरीकरण, रोजगारी तथा प्रजनन अधिकारको विस्तारसँगै जन्मदर पनि घट्न थाल्छ। अन्ततः समाज न्यून जन्मदर, न्यून मृत्युदर र बढ्दो वृद्ध जनसंख्या भएको चरणमा प्रवेश गर्छ।

नेपालको जनसांख्यिकीय यात्रा यही सङ्क्रमणको उत्कृष्ट उदाहरण हो। सन् १९७० र १९८० को दशकमा एउटी महिलाले औसत ५ देखि ६ जना सन्तान जन्माउने अवस्था थियो। स्वास्थ्य सेवाको विस्तार, खोप कार्यक्रम, सुरक्षित मातृत्व, परिवार नियोजन, महिला शिक्षामा सुधार तथा सञ्चारको पहुँचले केही दशकभित्रै प्रजनन व्यवहारमा उल्लेखनीय परिवर्तन ल्यायो। आज नेपाली परिवार साना भएका छन्, बालमृत्युदर उल्लेखनीय रूपमा घटेको छ र औसत आयु ऐतिहासिक रूपमा उच्च बनेको छ। यो सार्वजनिक स्वास्थ्य र सामाजिक विकासको महत्वपूर्ण उपलब्धि हो।

तर, यही उपलब्धिले नयाँ चुनौती पनि सिर्जना गरेको छ। यदि जन्मदर निरन्तर घटिरह्यो, युवाहरू ठूलो संख्यामा विदेश गइरहे र वृद्ध जनसंख्या बढिरह्यो भने भविष्यमा नेपालले श्रमशक्ति अभाव, सामाजिक सुरक्षा खर्चमा वृद्धि र आर्थिक उत्पादकत्वमा कमीजस्ता चुनौती सामना गर्नुपर्नेछ। यसरी हिजोको नीतिगत सफलता आज नयाँ नीतिगत चुनौतीमा रूपान्तरित भएको छ।

### अवसर आफैँ उपलब्धि होइन

जनसांख्यिकीय सङ्क्रमणको सबैभन्दा महत्वपूर्ण आर्थिक पक्ष जनसांख्यिकीय लाभांश (डेमोग्राफिक डिभिडेन्ड) हो। जब काम गर्ने उमेर समूहको जनसंख्या आश्रित जनसंख्याभन्दा बढी हुन्छ, त्यतिबेला राष्ट्रले तीव्र आर्थिक विकास गर्ने ऐतिहासिक अवसर प्राप्त गर्छ। तर यो अवसर स्वतः आर्थिक समृद्धिमा रूपान्तरण हुँदैन। त्यसका लागि गुणस्तरीय शिक्षा, स्वस्थ जनशक्ति, सीप, उत्पादनमुखी अर्थतन्त्र, उद्योग, नवप्रवर्तन, सुशासन र पर्याप्त रोजगारीको वातावरण आवश्यक हुन्छ।

दक्षिण कोरिया, सिंगापुर, ताइवान र आयरल्यान्डले यही अवसरलाई आर्थिक चमत्कारमा रूपान्तरण गरेका थिए। उनीहरूले विद्यालयदेखि उद्योगसम्म, अनुसन्धानदेखि उद्यमशीलतासम्म मानव पुँजीमा निरन्तर लगानी गरे। परिणामस्वरूप जनसांख्यिकीय संरचनाले आर्थिक उत्पादकत्वलाई तीव्र गति दियो। नेपाल पनि जनसांख्यिकीय लाभांश उपयोग गर्ने अनुकूल चरणमा रहेको मानिन्छ। काम गर्ने उमेर समूहको जनसंख्या अझै ठूलो छ। तर प्रश्न उठ्छ, के यो जनशक्ति नेपालको विकास र अर्थतन्त्र निर्माणमा प्रभावकारी रूपमा उपयोग भइरहेको छ ?

दुर्भाग्यवश, उत्तर उत्साहजनक छैन। प्रत्येक वर्ष ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा जाने क्रम जारी छ। विप्रेषणले लाखौँ परिवारको आय बढाएको छ र अर्थतन्त्रलाई टेवा दिएको छ। तर विप्रेषणमा आधारित अर्थतन्त्र उत्पादनमुखी अर्थतन्त्रको विकल्प हुन सक्दैन। विदेशमा सिर्जित उत्पादनबाट प्राप्त आम्दानीले तत्कालीन आर्थिक आवश्यकता पूरा गरे पनि त्यसले देशभित्र उद्योग, कृषि, अनुसन्धान, नवप्रवर्तन र दिगो रोजगारीको आधार निर्माण गर्दैन। यसरी हेर्दा नेपालले आफ्नो जनसांख्यिकीय लाभांशको ठूलो हिस्सा राष्ट्रिय उत्पादनभन्दा बाह्य श्रम बजारमा खर्च गरिरहेको देखिन्छ।

### विकासको वास्तविक आधार

अर्थशास्त्री थियोडोर शुल्ट्ज र ग्यारी बेकरले विकासको आधार प्राकृतिक स्रोतभन्दा बढी मानव पुँजी (ह्युमन क्यापिटल) मा रहेको तर्क अघि सारे। उनीहरूका अनुसार शिक्षा, स्वास्थ्य, सीप, अनुसन्धान र नवप्रवर्तनमा गरिने लगानी खर्च होइन, भविष्यमा उच्च प्रतिफल दिने उत्पादनशील लगानी हो। नेपालको सन्दर्भमा मानव पुँजीको प्रश्न अत्यन्त महत्वपूर्ण बनेको छ। विद्यालय र विश्वविद्यालयमा पहुँच विस्तार भएको छ, उच्चशिक्षा हासिल गर्ने युवाको संख्या बढेको छ, तर शिक्षा प्रणाली र श्रम बजारबीचको सम्बन्ध अझै कमजोर छ।

विश्वविद्यालयले उत्पादन गर्ने जनशक्ति र उद्योग, कृषि, प्रविधि तथा सेवा क्षेत्रले माग गर्ने सीपबीच ठूलो अन्तर देखिन्छ। परिणामस्वरूप उच्चशिक्षित युवासमेत आफ्नै देशमा भविष्य नदेखेर बिदेसिने क्रम बढ्दो छ। अब गम्भीर प्रश्न उठ्छ, हामी मानव पुँजी निर्माण गरिरहेका छौँ कि मानव पुँजी निर्यात गरिरहेका छौँ ? यदि नेपालको शिक्षा प्रणाली अनुसन्धान, प्राविधिक सीप, डिजिटल प्रविधि, हरित अर्थतन्त्र, कृत्रिम बौद्धिकता र उद्यमशीलतासँग जोडिन सकेन भने जनसांख्यिकीय लाभांश उपयोग हुनुअघि नै समाप्त हुन सक्छ। त्यसैले अब शिक्षा नीति, श्रम नीति र आर्थिक नीतिलाई छुट्टाछुट्टै होइन, एकीकृत मानव पुँजी रणनीतिका रूपमा हेर्नुपर्ने समय आएको छ।

### २०७८ को जनगणनाले दिएको सन्देश

राष्ट्रिय जनगणना २०७८ ले नेपालको विकासका लागि पाँच स्पष्ट सन्देश दिएको छ। पहिलो, नेपाल अब उच्च जनसंख्या वृद्धि भएको देश होइन त्यसैले विकासको बहसलाई जनसंख्या नियन्त्रणबाट जनसंख्या व्यवस्थापनतर्फ रूपान्तरण गर्नुपर्छ। दोस्रो, प्रतिस्थापन तहभन्दा तल झरेको प्रजननदरले दीर्घकालीन श्रमशक्ति योजना, परिवारमैत्री नीति र सामाजिक सुरक्षा प्रणालीको आवश्यकता देखाएको छ। तेस्रो, तीव्र वैदेशिक आप्रवासनले जनसांख्यिकीय लाभांशलाई कमजोर बनाइरहेको छ। त्यसैले वैदेशिक रोजगारीलाई राष्ट्रिय मानव पुँजी रणनीतिसँग जोड्न आवश्यक छ।

चौथो, वृद्ध जनसंख्या तीव्र गतिमा बढ्दै गएको अवस्थामा स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, दीर्घकालीन स्याहार र वृद्धमैत्री पूर्वाधार विकास अपरिहार्य भएको छ। पाँचौँ, पहाड तथा हिमाली क्षेत्र खाली हुँदै जानु र सीमित सहरी क्षेत्रमा अत्यधिक जनसंख्या केन्द्रित हुनु विकास, खाद्य सुरक्षा, वातावरण र राष्ट्रिय सुरक्षासँग जोडिएको संरचनात्मक चुनौती बनेको छ। यसैले अबको बहस 'कति जनसंख्या ?' मा सीमित हुनु हुँदैन। मूल प्रश्न 'कस्तो जनसंख्या, कहाँ बस्ने जनसंख्या, कस्तो सीप भएको जनसंख्या र कस्तो विकास मोडलसँग जोडिएको जनसंख्या ?' हुनुपर्छ।

### जनसंख्या नीतिदेखि जनसांख्यिकीय सुशासनसम्म

नेपालले विगत पाँच दशकमा परिवार नियोजन, सुरक्षित मातृत्व, महिला शिक्षा र स्वास्थ्य सेवाको विस्तारमार्फत उल्लेखनीय उपलब्धि हासिल गरेको छ। तर आजको आवश्यकता जनसंख्या वृद्धि नियन्त्रण होइन, बदलिँदो जनसंख्याको संरचनालाई राष्ट्रिय विकाससँग जोड्ने जनसांख्यिकीय सुशासन हो। राष्ट्रिय जनसंख्या नीति २०८२ ले जनसांख्यिकीय सङ्क्रमण, स्वस्थ बुढ्यौली, बसाइँसराइ र जनसंख्या व्यवस्थापनलाई औपचारिक रूपमा स्वीकार गरेको छ। यो सकारात्मक परिवर्तन भए पनि नीति र कार्यान्वयनबीचको दूरी अझै ठूलो छ। जनसंख्या, शिक्षा, स्वास्थ्य, श्रम, सामाजिक सुरक्षा र आर्थिक विकासलाई एकीकृत रूपमा कार्यान्वयन गर्ने संयन्त्र अझै प्रभावकारी बन्न सकेको छैन।

आजको जनसंख्या प्रश्न केवल स्वास्थ्य मन्त्रालयको विषय होइन। यो अर्थतन्त्र, शिक्षा, कृषि, रोजगारी, सहरीकरण, जलवायु परिवर्तन र संघीय शासनसँग प्रत्यक्ष रूपमा जोडिएको राष्ट्रिय विकासको विषय हो। त्यसैले जनसंख्या नीति अब क्षेत्रगत होइन, राष्ट्रिय विकास नीतिको केन्द्र बन्नुपर्छ।

### जनसंख्या अझै अदृश्य विषय किन ?

नेपालका प्रमुख राजनीतिक दलहरूले रोजगारी, आर्थिक विकास, सुशासन, सामाजिक सुरक्षा र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेका छन्। तर यी सबै विषयको आधारमा रहेको जनसांख्यिकीय परिवर्तन अझै राजनीतिक बहसको केन्द्र बन्न सकेको छैन। विभिन्न दलहरूले मानव विकास, सामाजिक न्याय, उत्पादन वृद्धि, पूर्वाधार, उद्यमशीलता र युवामैत्री कार्यक्रमलाई प्राथमिकता दिएका छन्। यद्यपि घट्दो जन्मदर, श्रमशक्ति सङ्कुचन, वृद्ध जनसंख्या, आन्तरिक तथा बाह्य बसाइँसराइ र जनसांख्यिकीय लाभांशको प्रभावकारी उपयोगबारे स्पष्ट, दीर्घकालीन र समन्वित रणनीति अझै पर्याप्त रूपमा विकसित भएको देखिँदैन।

यसर्थ, नेपालको विकाससम्बन्धी अधिकांश बहस वास्तवमा जनसंख्याको बदलिँदो संरचनासँग प्रत्यक्ष रूपमा जोडिएका भए पनि जनसंख्यालाई विकासको मूल चालकका रूपमा स्वीकार गर्ने नीतिगत दृष्टिकोण अझै परिपक्व हुन बाँकी

–बाँकी तीन पेजमा

*जनसाङ्ख्यिकीय...*

छ ।

**निष्कर्ष**

नेपाल आज जनसंख्या वृद्धिको होइन, जनसाङ्ख्यिकीय सङ्क्रमणको निर्णायक मोडमा उभिएको छ। यो परिवर्तन आफैँमा न सकारात्मक हो, न नकारात्मक। यसको परिणाम राज्यले अपनाउने नीति, लगानी र सुशासनमा निर्भर रहनेछ। आजको युवा जनशक्तिलाई गुणस्तरीय शिक्षा, सीप, नवप्रवर्तन, उद्यमशीलता र सम्मानजनक रोजगारीसँग जोड्न सकियो भने जनसाङ्ख्यिकीय लाभांश नेपालको समृद्धिको आधार बन्न सक्छ। अन्यथा यही अवसर श्रमशक्ति अभाव, वृद्ध जनसंख्या वृद्धि, आर्थिक सुस्तता र सामाजिक सुरक्षा संकटमा रूपान्तरण हुन सक्छ।

त्यसैले विश्व जनसंख्या दिवस २०२६ ले नेपाललाई एउटा स्पष्ट सन्देश दिएको छ। अबको राष्ट्रिय बहस 'कति जनसंख्या ?' भन्ने प्रश्नमा सीमित हुनु हुँदैन। बरु 'कस्तो जनसंख्या, कहाँ बस्ने जनसंख्या, कस्तो सीप भएको जनसंख्या र कस्तो विकास मोडलसँग जोडिएको जनसंख्या ?' भन्ने प्रश्नको उत्तर खोज्ने दिशामा केन्द्रित हुनुपर्छ। यही उत्तरले नेपालको आगामी तीन दशकको विकास, समृद्धि र सामाजिक रूपान्तरणको मार्ग तय गर्नेछ।(अधिकारी रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुरका प्राध्यापक हुन्।) रातोपाटीबाट

*कर्तव्य ज्यान ...*

नेपाल प्रहरी प्रदेश कार्यालयको सहयोग तथा मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुखको निर्देशन अनुसार विभिन्न कोणहरुबाट सूचना संकलन तथा सूक्ष्म विश्लेषणसहित अनुसन्धान गरिएको उनले बताए। मृतकका परिवारसँग पछिल्लो करिब चार वर्षदेखि पारिवारिक रिसइबी र मनमुटाव रहेका अभियुक्त यादवले बदला स्वरुप भारतीय सुटरलाई तीन लाख रुपैयाँको सुपारी डिल गरी हत्याको योजना बनाएपछि पेश्की स्वरुप तत्काल एक लाख रुपैयाँ दिइसकेको र दुई लाख रुपैयाँ अझै दिन बाँकी खुल्न आएको प्रहरीले जनाएको छ।

सिरहा ७ स्थित खेतबाट मृतकका सहोदर भाई अभयनाथ यादवले चलाएको बकेट जडान गरिएको मधेश प्रदेश ०१-००१ त २९५६ नम्बरको ट्याक्टरले उठाएको माटो स. १ त ५७९४ नं. को ट्याक्टरमा हालेर चालकसहित खान घर गएका बेला प्रेमनाथमाथि अपरान्ह करिब साढे ३ बजेतिर गोली प्रहार भएको प्रहरीले जनाएको छ। बकेट जडान गरिएको ट्याक्टर खेतमै छोडेर भाई चालक सन्तोष शर्मासँगै खान घरतिर हिँडेपछि प्रेमनाथको गोली प्रहार गरी हत्या भएको हो।

त्यस्तै, गत ४ माघको राती सीमावर्ती औरही गाउँपालिका ५ जितिया मन्दिरका पूजारी श्यामसुन्दर शर्मा कोठाको चुकुल लगाएर सुतिरहेको अवस्थामा ठाकुरले ५० हजार रुपैयाँमा मगाएका भारतीय सुटरमार्फत ज्यान मार्ने उद्देश्यले झ्यालबाट गोली प्रहार गरिएको प्रहरीले जनाएको छ।

# आन्तरिक पर्यटनको गन्तव्य : हात्तीदह सिमसार









**मणिलाल विश्वकर्मा**

लहान, २७ असार। चुरेको काखमा हरियाली जंगल, सिमसार जलाशयमा बोटिङ, स्वच्छ र कोलाहलमुक्त वातावरण, विभिन्न प्रजातिका फूल, बालउद्यान, प्राणी उद्धार केन्द्र पनि। यी सबै दृश्य सिराहाको हात्तीदह सिमसार क्षेत्रको हो। यो रमणीय क्षेत्र अहिले आन्तरिक पर्यटनको गन्तव्य बन्दै गएको छ।

पूर्व-पश्चिम लोकमार्गअन्तर्गत लहानको मुख्य बजारबाट करिब पाँच किलोमिटर उत्तर-पूर्वमा पर्ने सिमसार क्षेत्रमा वनभोज, वन्यजन्तु अवलोकन, जलाशयमा बोटिङ गर्नेहरूको चहलपहल अचेल बढ्दै गएको छ। कोइरालो खोला नमुना सामुदायिक वनले ओगटेको ५७ हेक्टरमध्ये करिब ११ हेक्टर क्षेत्रमा सिमसार तथा पर्यापर्यटनको संरक्षण र विकाससँगै आन्तरिक पर्यटकहरूको घुइँचो लाग्न थालेको छ। २०५७ सालमा हस्तान्तरण भएको सामुदायिक वन समूहमा एक सय १९ घरधुरी उपभोक्ता छन्।

वन समूहका अध्यक्ष रुद्रनारायण चौधरीका अनुसार वनसँगै सिमसार क्षेत्रको संरक्षण गरी जलाशयमा बोटिङको व्यवस्थासँगै माछापालन, पूर्वाधारको विकास र वन्यजन्तु राख्न थालिएपछि आन्तरिक तथा छिमेकी मुलुकबाट आउने पर्यटकको संख्या बढ्न थालेको छ। करिब १५ वर्ष पहिले वन क्षेत्रलाई आश्रय बनाएर बसेको दुईवटा जंगली हात्तीले गाउँमा क्षति गर्न थालेपछि सुरक्षाकर्मीको सहयोगमा हात्ती धपाउन गाउँलेहरूले ठुलै सास्ती खेपे। 'जंगलमा हात्ती फेला परेन। हात्ती सिमसारमा पो रहेछ। त्यही दिनदेखि दहको संरक्षण गरी हात्तीदह नामाकरण गरिएको हो,' अध्यक्ष चौधरीले सुनाए। त्यति बेलादेखि मेलापर्वमा गाउँलेहरू वनभोज खान र रमाइलो गर्न आउने ठाउँलाई करिब सात वर्षदेखि पर्यटकहरू आउने मुख्य ठाउँको रूपमा विकास गरिएको उनले बताए।

अध्यक्ष चौधरीका अनुसार लहान नगरपालिकाले सडक बाटो निर्माण तथा मर्मत गरेको छ। दिवंगत नेता प्रदीप गिरीको संसदीय विकास कोषबाट खानेपानी ट्यांकी निर्माण भएको छ। वडा कार्यालयले बिजुली र खानेपानी धारा जडान गरेको छ। बृहत् जलाधार व्यवस्थापन कार्यालय उदयपुर र राष्ट्रपति चुरे संरक्षण विकास कार्यालयले वनभोजस्थल निर्माणमा सहयोग गरेपछि पर्यापर्यटन प्रवर्द्धनसँगै सिमसार क्षेत्रको विकास भएको हो। 'आगामी दिनमा बाह्य पर्यटकलाई समेत थप आकर्षित गर्न साहसिक पर्यापर्यटन, सामुदायिक होमस्टे (घरवास) प्रवर्द्धन, घोडा सवारी, जलाशयमाथि पुल निर्माण तथा सूचना केन्द्र स्थापना गर्ने योजना छ,' उनले भने। सिमसार क्षेत्रको जलाधार संरक्षण र ताल निर्माणले वन्यजन्तुका लागि पानी पिउन र जैविक विविधता संरक्षणमा ठुलो योगदान पुगेको सामुदायिक वन उपभोक्ता महासंघका कार्यक्रम अधिकृत टेकेन्द्र शाहले बताए।

**स्थानीय रोजगारी सिर्जना र आयआर्जन**

हरेक शनिबार पाँच सयदेखि एक हजारजनासम्म आन्तरिक पर्यटकहरू घुम्न आउने गरेको अधिकृत शाह सुनाउँछन्। 'प्रवेश शुल्कसँगै बोटिङ, बाल उद्यान, सेल्फी पिङ र समूहगत रूपमा वनभोज खान आउनेहरूबाट लिइने शुल्क र क्यान्टिन हाम्रो मुख्य आम्दानीको स्रोत हो,' उनले भने,'त्यसबाहेक घुम्न आउनेहरूले सिमसार क्षेत्रबाहिर कटेज, खाजाघर, किराना पसलमा गर्ने खर्चले स्थानीयको आयआर्जनमा ठुलो टेवा पुगेको छ।' उनका अनुसार चालू आर्थिक वर्षको असार मसान्तसम्ममा वन समूहको करिब ५० लाख रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ।

स्थानीय धेरै महिलाहरूले सिमसार क्षेत्र बाहिर स-साना पसल चलाएर आयआर्जन गरिरहेको उपाध्यक्ष हरिहरदेवी चौधरीले सुनाइन्। 'वन समूहले चलाइरहेको सिमसार क्षेत्रको संरक्षणसहित वनस्टे, क्यान्टिनमा काम गरिरहेका १० जना कर्मचारीमध्ये चारजना त महिला नै छन्,' उनले भनिन्। समूहका सचिव बद्री सदाय भन्छन्,'हात्तीदह सिमसार क्षेत्र घुम्न आउने पर्यटकलाई लहानबाट ल्याउन लैजान स्थानीय ५० जनाभन्दा बढीले विद्युतीय रिक्सा चलाएर आफ्नै गाउँठाउँमा रोजगारी गरिरहेका छन्।' लहान १५ शोभापुरका रामनाथ महतो भन्छन्,'लहानदेखि हात्तीदहसम्म दैनिक ६ पल्टसम्म ओहोरदोहोर गर्छु। दैनिक १५ सय रुपैयाँ कमाउँछु। त्यही कमाइले चारजनाको परिवारको जीविका चलिरहेको छ।' सिमसार परिसर बाहिर व्यक्तिगत लगानीमा चलाइएका कटेज, खाजा पसल, किराना पसलमा समेत काम गर्नेहरूको संख्या जोड्ने हो भने करिब एक सयजनाले प्रत्यक्ष रोजगारी पाएको उनले बताए। उनका अनुसार स्थानीय महिलाहरूले खर र बाँसको ढक्की, पूजाको सामग्री बोक्ने भाँडो बनाएर बिक्री गरिरहेका छन्। वन समूहका व्यवस्थापक तथा कार्यालय प्रमुख दुर्गानन्द चौधरी भन्छन्,'वन समूहले स्थानीयस्तरमा रोजगारी सिर्जना गरी विदेश पलायन हुनबाट रोकेको छ।' हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्र नबनुन्जेल आसपासका क्षेत्रमा मुस्किलले ५० हजार रुपैयाँ प्रतिकट्ठाको दरले खरिद-बिक्री भइरहेको जग्गा पछिल्लो समय करिब ५० लाख रूपैयाँ प्रतिकट्ठाका दरले खरिद-बिक्री भइरहेको छ।

**सिमसार क्षेत्रमा वनस्टे पनि**

हरेक दिन सिराहासहित, सप्तरी, उदयपुर, धनुषा र छिमेकी मुलुक भारतको सीमावर्ती क्षेत्रबाट समेत पर्यटकहरू आउन थालेपछि घर फर्किन नभ्याउनेहरूलाई लक्षित गरी गत चैतको पहिलो साताहदेखि 'हात्तीदह वनस्टे' सञ्चालनमा ल्याइएको छ। समूहको पहल तथा सक्रियतामा वनपरिसरभित्र वनस्टे सञ्चालन गरिएको छ। सस्तो शुल्कमा स्थानीय परिकार खुवाएर वनस्टेमा बस्न सकिने व्यवस्था गरिएको छ। समूहले वनस्टेमा वास बस्न चाहनेहरूका लागि चिया, खाजा, स्थानीय परिकारसहितको खाना र एक रात बस्न आठ सय ५० रुपैयाँ शुल्क तोकेको छ। 'उक्त मूल्य लहान बजार क्षेत्रमा रहेका होटेल, लजहरूभन्दा भन्डै ७५ प्रतिशत सस्तो हो,' समूहका कोषाध्यक्ष गीताकुमारी चौधरीले भनिन्,'वनस्टेमा रहँदा स्थानीय कला संस्कृति प्रदर्शन, स्थानीय थारू परिकारसहितको खाना खुवाइन्छ। वन तथा सिमसार क्षेत्रको अवलोकनसमेत गराइन्छ।'

वनस्टेका लागि पहिलो चरणमा करिब पौने १२ लाख रुपैयाँको लागतमा एक पटकमा छ जना बस्न मिल्ने दुई कोठाको शौचालयसहितको भवन निर्माण गरिएको छ। वनस्टेमा बस्न खोज्नेहरूको संख्या बढ्न थालेपछि लहान नगरपालिकाले २० लाख रुपैयाँको लागतमा थप नयाँ दुई कोठाको भवन निर्माण गरिरहेको छ। वनस्टेका निर्माणका लागि जर्सी ओभरसिज एडको आर्थिक सहयोगमा केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, राष्ट्रिय कृषक समूह महासंघ र लहान नगरपालिकाले सहयोग गरेको समूहले जनाएको छ। समूहका अनुसार वनस्टे निर्माण गर्न परियोजनाबाट आठ लाख ६ हजार ८८ र समूहका सदस्यहरूबाट तीन लाख ६७ हजार २९५ गरी ११ लाख ७३ हजार ९८३ रुपैयाँ खर्च गरिएको छ।

लहान १५ का वडाध्यक्ष तेजनारायण चौधरीले २०७४ सालमा आफू पहिलोपटक निर्वाचित भएपछि वडाको बजेटबाट सिमसार क्षेत्रको विकासका लागि वन समूहलाई एउटा खानेपानीको कल दिएको स्मरण गर्दै भने,'पछिल्लो समय दैनिक दुई हजारभन्दा बढी आन्तरिक र बाह्य पर्यटक आउनुले हात्तीदहले पर्यापर्यटनको क्षेत्रमा फड्को मारेको छ।' रोजगारीका लागि बढ्दो विदेश पलायन रोक्दै स्थानीय युवा-युवतीलक्षित रोजगारी सिर्जना, थारू कला संस्कृतिको प्रवर्द्धन, पर्यापर्यटनको विकासका लागि वनस्टे कोशेढुंगा बनेको लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले बताए। वनस्टे सञ्चालनका अतिरिक्त नगरले वन समूहमा आबद्ध स्थानीय चार सय किसानको आर्थिक अवस्था उकास्न करिब एक करोड ४० लाख रुपैयाँबराबरको विभिन्न किसानमुखी आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिरहेको छ। स्थानीय महिला समूहलाई दुना र टपरी बनाउने मेसिन उपलब्ध गराइएको छ।

# वैदेशिक रोजगारीपछि पारिवारिक संकटः तीन सन्तानको बिचल्ली

**विनय कर्ण**

सप्तरी, २७ असार। आर्थिक अभावका कारण परिवारको भविष्य सुरक्षित बनाउने आशामा धेरै नेपाली वैदेशिक रोजगारीमा जाने गरेका छन्। तर विदेशमा पसिना बगाएर कमाएको धनले सबै परिवार सुखी हुन्छन् भन्ने निश्चित छैन। लामो पारिवारिक दूरी, सामाजिक सञ्जालको दुरुपयोग र कमजोर पारिवारिक सम्बन्धका कारण कतिपय परिवार विखण्डित हुने अवस्था पनि देखिन थालेको छ।

यस्तै घटनाले सप्तरीको विष्णुपुर गाउँपालिका-५ कट्टीटोल निवासी ३५ वर्षीय रमणकुमार महतोलाई गहिरो पीडा दिएको छ। घरपरिवारलाई आर्थिक रूपमा सबल बनाउने उद्देश्यले उहाँ करिब १० वर्षदेखि साउदी अरब, कतार र पछिल्लो डेढ वर्षदेखि कुवेतमा रोजगारी गर्दै आउनुभएको थियो। आर्थिक अवस्था कमजोर भएकाले रमणले घरमा ६० वर्षीया आमा चन्द्रादेवी, नौ वर्षीय छोरा आकाश, छ वर्षीया छोरी राधा, तीन वर्षीय छोरा पंकज तथा २६ वर्षीया श्रीमती निसालाई छाडेर विदेशमा बसेर नियमित रूपमा पैसा पठाउँदै आउनुभएको थियो।

रमणका अनुसार विभिन्न चरणमा करिब २० लाख रुपियाँ श्रीमती निसाको नाममा पठाइसक्नुभएको छ। उहाँले भन्नुभयो, "केही वर्षपछि स्वदेश फर्किएर छोराछोरीलाई राम्रो शिक्षा दिने र परिवारसँग सुखी जीवन बिताउने सपना थियो।" तर २०८३ जेठ २ गते परेको वटसावित्री पर्वका दिन उहाँको जीवनमा अप्रत्याशित मोड आएको उहाँको भनाइ छ। रमणका अनुसार त्यस दिन बिहान श्रीमतीसँग करिब एक घण्टा फोनमा कुराकानी भएको थियो। "साँझ फेरि सम्पर्क गर्न खोज्दा फोन उठेन। त्यसपछि आमासँग कुरा गर्दा श्रीमती घर छाडेर गएको जानकारी पाएँ," उहाँले भन्नुभयो।

रमणको दाबीअनुसार श्रीमतीले करिब १० लाख रुपियाँ नगद, चार तोला सुनका गरगहना तथा उहाँकै नाममा खरिद गरिएको करिब १० लाख रुपियाँ बराबरको जग्गा बिक्री गरेर घर छाडेकी हुन्।

**तीन सन्तान बिचल्लीमा**

श्रीमती घर छाडेपछि तीन नाबालक सन्तान र वृद्ध आमा समस्यामा परेका छन्। श्रीमती घर छाडेको जानकारी पाएपछि आफू कुवेतको रोजगारी छाडेर नेपाल फर्किन बाध्य भएको रमणले बताउनुभयो। उहाँका अनुसार निसाको धनुषाधाम नगरपालिका-१४ निवासी ३५ वर्षीय मिथिलेश ठाकुरसँग फेसबुकमार्फत चिनजान भएको थियो। आमा चन्द्रादेवीका अनुसार निसाले लामो समयसम्म ठाकुरसँग मोबाइलमा कुराकानी गर्ने गर्थिन् र घर छाडेको दिन पनि उनी घर आसपासमा देखिएका थिए। रमणका अनुसार श्रीमती घर छाडेको तीन-चार दिनपछि ठाकुरले सामाजिक सञ्जालमा निसासँग रहेका तस्बिर सार्वजनिक गरेपछि उनीहरू सँगै रहेको आफूले थाहा पाएको हो। सुनसरीको कोशी गाउँपालिका-३, पश्चिम कुशाहा निवासी निसासँग १२ वर्षअघि मागी विवाह भएको बताउँदै रमणले श्रीमती घर छाडेपछि वृद्ध आमा र तीन नाबालक सन्तानको जिम्मेवारी एक्लैले वहन गर्नुपरेको गुनासो गर्नुभयो। उहाँले श्रीमती तथा मिथिलेश ठाकुरविरुद्ध जिल्ला प्रहरी कार्यालय सप्तरी, सुनसरी र धनुषामा निवेदन दिँदै घटनाको अनुसन्धान, खोजतलास तथा कानुनबमोजिम कारबाहीको माग गर्नुभएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक रुपक खड्काले पीडितलाई न्याय दिलाउन प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको बताउनुभयो। प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी हेमराज घिमिरेले घटनाबारे थप अनुसन्धान र खोजतलासको काम भइरहेको जानकारी दिनुभयो।

**सामाजिक सञ्जाल र पारिवारिक चुनौती**

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवले यो घटना एउटा परिवारको व्यक्तिगत पीडामात्र नभई वैदेशिक रोजगारीका कारण बढ्दो पारिवारिक दूरी, विश्वासमा आएको कमी तथा सामाजिक सञ्जालको दुरुपयोगबाट उत्पन्न सामाजिक चुनौतीको उदाहरण भएको बताउनुभयो।

अग्रज पत्रकार मनोजकुमार माझीले सामाजिक सञ्जालले मानिसलाई जोड्ने माध्यम बने पनि यसको दुरुपयोग हुँदा सम्बन्धमा दरार आउने र पारिवारिक दूरी बढ्ने जोखिम रहेको बताउनुभयो।

# लहानमा शौचालय निर्माणको लागि सडक नाटक



**जीवछ उदासी**

लहान, २७ असार। लहान नगरपालिकामा शौचालय निर्माणको लागि सडक नाटक गरेर जनचेतना फैलाउने कार्य सुरु गरेको छ। लहान नगरपालिका २०७४ सालमा नै खुला दिसामुक्त घोषणा। भएपनि अहिले चार हजार २०१ घरमा शौचालय नरहेकोले पुनः खुला दिसामुक्त नगरपालिका घोषणा गर्न लहान नगरपालिका र वाटरएड अन्तर्गतको चिकन परियोजना र दलित जनकल्याण शौचालय निर्माणको लागि विभिन्न रणनीतिक योजना अन्तर्गत दलित विपन्न समुदायमा शौचालय निर्माण र स्वच्छता सम्बन्धी जन जागरणको लागि सडक नाटकलाई समेत प्राथमिकता दिइएको छ।

विकन परियोजनाका प्रमेश्वर भा र राजेश लोहनीको अनुसार लहान नगरपालिकाको दलित विपन्नमा मुसहर समुदायको बस्तीमा शौचालय निर्माण र निर्माण भएको शौचालयको परिचालन अभ्यास चुनौती रहेकोले गीत नाटक लेख रचना र अभिमुखीकरण लगायतका जनचेतनाका कार्यक्रमहरु अघि बढाएका छौं। लहान नगरपालिकाको मुसहर समुदायहरु ९९ प्रतिशत नै सुकुम्वासी रहेकोले व्यवस्थित बस्ती निर्माण सुकुम्वासी समस्या समाधान नगरेसम्म चुनौती रहेको दलित अभियानकर्मीहरुको भनाइ रहेको छ। दलित अभियानकर्मी सोनिया सदाय भन्नुहुन्छ," वर्षातको समयमा घरमा नै सर्प र पोखरीको पानी पस्ने अवस्था छ। बस्ने घर बनाउन त जग्गा छैन शौचालय कहाँ बनाउने ? लहान - १ र २ नम्वर वडाका मुसहर बस्ती व्यवस्थापन गर्न सुरक्षित आवास र शौचालय बनाइ दिनुपर्ने हाम्रो माग छ।"

यता लहान नगरपालिका प्रमुख महेश प्रसाद चौधरीले मुसहर समुदायको सुरक्षित आवास निर्माण कार्य चलिरहेको बताउनुभयो। "अहिलेसम्म लहान नगरपालिका वडा नम्बर १२, १३ र १५ नम्वरमा एक सयभन्दा बढी शौचालय सहितको घर निर्माण गरि सकेका छौं," उहाँले भन्नुभयो।

# धनुषा कृषिका तत्कालीन कार्यालय प्रमुखसहित चारजनाविरुद्ध मुद्दा

सिरहा, २७ असार। नक्कली किसान र नक्कली बिल खडा गरी कृषि अनुदानमा भ्रष्टाचार गरेको खुलेपछि अख्तियारले धनुषामा रहेको तत्कालीन जिल्ला कृषि विकास कार्यालय प्रमुख सुकेश्वर झासहित चारजनाविरुद्ध शुक्रबार भ्रष्टाचार मुद्दा चलाएको छ। अख्तियारले झासहित तत्कालीन लेखापाल रामचन्द्र ठाकुर, प्राविधिक सहायक देवेन्द्रलाल कर्ण र सुदिश माछापालन केन्द्रका प्रोप्राइटर रामसुदिश शरणविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो।

झा, ठाकुर र कर्णको मिलेमतोमा निजी माछा फार्मबाट माछाको भुरा खरिद नै नगरी नक्कली बिल बनाएर ७२ लाख ५९ हजार ९० रुपैयाँ भ्रष्टाचार गरेको अख्तियार प्रवक्ता सुरेश न्यौपानेद्वारा जारी विज्ञप्तीमा उल्लेख गरेको छ। अख्तियारले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) अन्तर्गत जनही ७२ लाख ५९ हजार ९० रुपैयाँ बिगो कायम गरी कैद, बिगोबमोजिम जरिवाना तथा बिगो असुलउपरको मागदाबी गरेको छ। त्यस्तै, सुदिश माछापालन केन्द्रका प्रोप्राइटर रामसुदिश शरणलाई गैरकानुनी लाभ लिने मतियारका रूपमा मुख्य कसुरदारसरह सजायको माग गर्दै सोहीबराबरको बिगो असुलउपर गर्न माँग गरिएको आयोगका प्रवक्ता न्यौपानेले बताए।


आयोगका अनुसार कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम (राहत)अन्तर्गत मत्स्य भुरा वितरणका लागि दुई करोड ३४ लाख २८ हजार रुपैयाँ बजेट विनियोजन गरिएको थियो। तर, निजी माछा फर्मबाट भुरा खरिद नै नगरी खरिद गरेको देखाउँदै नक्कली बिल तयार गरिएको, वास्तविक रूपमा भुरा वितरण नगरी कृषकहरूको नक्कली नाम, ठेगाना र सहीछाप तयार गरी कृषि कार्यालय धनुषाले आर्थिक वर्ष ०७४/७५ मा ७२ लाख ५९ हजार ९० रुपैयाँ भुक्तानी गरी भ्रष्टाचार गरेको अनुसन्धानबाट खुलेको उल्लेख गरिएको छ।

# सप्तरीमा ३४ हजार ९ सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा

**देवराम यादव**

सप्तरी, २७ असार। मधेश प्रदेशका अधिकांश जिल्लाका किसान धान रोप्न वर्षाको प्रतीक्षा गरिरहेका बेला सप्तरी र सिराहा लगायतका जिल्लाका किसान भने सिँचाइ सुविधाका कारण धान रोपाइँमा जुटेका छन्। सप्तरीको फतेपुरमा रहेको चन्द्र नहरमा असार १० गते तथा कोशी पम्प नहर र कोशी नहर सहायक वितरण प्रणालीबाट पानी प्रवाह गरेपछि यस क्षेत्रका किसान रोपाइँमा व्यस्त भएका हुन्। कोशी पम्प चन्द्र नहर सिँचाइ व्यवस्थापन कार्यालय, राजविराजले सप्तरीका तीन वटा सिँचाइ प्रणालीमा यस वर्ष समयमै पानी प्रवाह गरेको जनाएको छ। कार्यालयका अनुसार चन्द्र नहरमा असार १० गतेदेखि तथा असार १४ गते आइतबारदेखि कोशी पम्प नहर र कोशी नहर सहायक वितरण प्रणालीमा पानी पठाइएको हो। सप्तकोशी नगरपालिका-४ का किसान दीपेन्द्रप्रसाद यादवले यस वर्ष धान खेतीका लागि सिँचाइको समस्या नभएको बताउनुभयो। नहरमा समयमै पानी आउनुका साथै बेलाबेलामा वर्षा पनि भइरहेकाले धान रोपाइँ सहज बनेको उहाँको भनाइ छ।

कार्यालयका प्रमुख वीरेन्द्रप्रसाद यादवका अनुसार सप्तरीमा कुल ३४ हजार ९ सय ८० हेक्टर क्षेत्रफलमा सिँचाइ पुऱ्याउने लक्ष्यसहित मूल तथा शाखा नहर गरी करिब एक हजार किलोमिटर नहर संरचना रहेको छ। त्यसमध्ये चन्द्र नहर प्रणालीबाट १० हजार ५ सय हेक्टर, कोशी पम्प नहरबाट १३ हजार १ सय हेक्टर र कोशी नहर सहायक वितरण प्रणालीबाट ११ हजार ३ सय हेक्टर क्षेत्रफलमा सिँचाइ भइरहेको छ। नहर संरचना पुरानो भएकाले केही स्थानमा पानी पुऱ्याउन चुनौती रहे पनि पर्याप्त वर्षा भइरहेकाले यस वर्ष नहरको कमान्ड क्षेत्रका किसानलाई सिँचाइ अभाव नहुने उहाँले जानकारी



दिनुभयो। कार्यालय प्रमुख यादवले नहर सरसफाइका लागि अत्यन्त न्यून बजेट विनियोजन हुने गरेको बताउनुभयो। नहरमा अत्यधिक बालुवा जम्मा हुने गरे पनि नियमित सरसफाइका लागि चालु वर्षमा २८ लाख रुपियाँ बजेट उपलब्ध भएको उहाँको भनाइ छ। चालु आर्थिक वर्षमा कार्यालयले १७ करोड रुपियाँ विकास बजेटबाट ठेक्का प्रक्रियामार्फत पानी तान्ने पम्प मर्मत, पुराना तथा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, चुहावट हुने स्थानमा पक्की नहर निर्माण तथा आवश्यक स्थानमा कल्भर्ट निर्माण गरेको छ।

नहरको सुरक्षा तथा रेखदेखका लागि कार्यालयले दैनिक ज्यालादारीमा १ सय ९ जना कर्मचारी परिचालन गरेको छ। साथै नहर प्रणालीको संरक्षणका लागि जिल्लाभर १९ वटा जल उपभोक्ता समिति क्रियाशील छन्। कार्यालय प्रमुख यादवका अनुसार नहर किनारमा भएको अव्यवस्थित घर निर्माण तथा जग्गा अतिक्रमणका कारण नहर सरसफाइ र मर्मतमा समस्या भइरहेको छ।

यी तीन वटा सिँचाइ प्रणालीमार्फत सप्तरीका सप्तकोशी, कञ्चनरूप, हनुमाननगर कंकालिनी, राजविराज, तिरहुत, अग्निसाइर कृष्णासवरण, महादेवा, तिलाठी कोइलाडी, विष्णुकुमार, राजगढ, डाक्नेश्वरी, बोदेबरसाइन, बलान विहुल र शम्भुनाथ लगायतका स्थानीय तहमा सिँचाइ सुविधा पुगेको छ। मधेश प्रदेश सरकारको तथ्याङ्क अनुसार प्रदेशभरमा कुल पाँच लाख ४२ हजार ५ सय ८० हेक्टर खेतीयोग्य जमिन रहेकोमा दुई लाख ७३ हजार ४ सय १० हेक्टर जमिन सिञ्चित क्षेत्र छ।

**शतवार्षिकी मनाउँदै चन्द्र नहर**

मुलुकको पहिलो सिँचाइ प्रणाली चन्द्र नहर जीर्ण भएपछि नेपाल सरकारको पहल र जापान सरकारको सहयोगमा सुरु भएको मर्मतसम्भार कार्य सम्पन्न भइसकेको छ। ३२ वटा संरचना निर्माणको काम दुई अर्ब २५ करोड ६० लाख जापानी येनको लागतमा २०७९ कात्तिकदेखि सुरु भई २०८२ साल असार१५ गतेभित्र सम्पन्न भएको हो। सप्तरीको खेतीयोग्य जग्गामा सिँचाइ गर्न चन्द्र नहरको सुरुदेखि नै महत्त्वपूर्ण योगदान रहँदै आएको छ। यस नहरको स्थापना वि.सं.१९८५ मा भएको थियो। जापानी निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनले यसको जीर्णोद्धारको काम गरेको हो।

उदयपुर जिल्लास्थित त्रियुगा नदीबाट सप्तरीको पूर्वी क्षेत्रमा बग्ने चन्द्र नहर अबको दुई वर्षपछि अर्थात् वि.सं. २०८५ मा सय वर्ष ( शतवार्षिकी) पूरा हुँदै छ। राणा प्रधानमन्त्री चन्द्र शमशेर जबराले वि.सं.१९७९ मा यसको निर्माण सुरु गराएर १९८५ मा सम्पन्न गराउनुभएको थियो। देशकै पुरानो सिँचाइ प्रणाली प्रचारप्रसारको अभावमा ओझेलमा परेको स्थानीय बासिन्दाको गुनासो छ। यो नहरबाट हाल साविकका २९ वटा गाविसका २५ हजार घरधुरीका करिब डेढ लाख जनसंख्या प्रत्यक्ष लाभान्वित भइरहेका छन्। चन्द्र नहर प्रणालीबाट वर्षायाममा १० हजार ५ सय हेक्टर र हिउँदमा ६ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा उपलब्ध भइरहेको छ। यसको कुल लम्बाइ २९ किलोमिटर छ।

**कोशी पम्प नहरको अवस्था**

कोशी पम्प नहर सिँचाइ प्रणालीका मुख्य संरचनाहरूको निर्माण ४१ करोड ८० लाख रुपैयाँको लागतमा आर्थिक वर्ष २०४१/४२ देखि २०४३/४४ सम्म गरिएको थियो। हाल यसका ट्रान्सफर्मरहरू धेरै पुराना भइसकेकाले बारम्बार बिग्रने समस्या छ, जसले गर्दा पानी लिफ्टिङको काम रोकिने गर्दछ। अधिकांश विद्युतीय मेसिन तथा पार्टपुर्जाहरू जीर्ण भइसकेका छन्। यो नहर कोशी ब्यारेजदेखि सप्तरीको डाक्नेश्वरी नगरपालिका-६, कटैयासम्मको ३२ किलोमिटर नेपाली भूमि हुँदै भारततर्फ बग्दछ। यो नहरसँग जोडिएका १२ वटा छोटी नहरहरूमार्फत पनि किसानहरू लाभान्वित भइरहेका छन्। बर्सेनि बजेट अभावका कारण नहरको मर्मतसम्भार तथा नियमित सञ्चालनमा समस्या भइरहेको कार्यालयले जनाएको छ।

# बोक्सी आरोपसम्बन्धी मुद्दामा दुई जना पक्राउ

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २७ असार। सप्तरी प्रहरीले बोक्सी आरोपसम्बन्धी मुद्दामा फरार रहेका दुई जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार पक्राउ पर्नेमा डाक्नेश्वरी नगरपालिका-१०, बनौली निवासी ३८ वर्षीय जीवछप्रसाद साह र ३२ वर्षीय अजय मण्डल रहनुभएको छ। प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार पक्राउ परेका दुवै जनाले २०८३ साल वैशाख २९ गते डाक्नेश्वरी नगरपालिका-१०, बनौलीकी एक महिलामाथि बोक्सीको आरोप लगाउँदै अभद्र व्यवहार तथा कुटपिट गरेको आरोप छ। घटनापछि फरार रहेका दुवै जनालाई शुक्रबार पक्राउ गरिएको उहाँले जानकारी दिनुभयो। पीडित रेखाकुमारी मण्डलको जाहेरीका आधारमा इलाका प्रहरी कार्यालय कल्याणपुरमा बोक्सी आरोपसम्बन्धी मुद्दा दर्ता भएको थियो। पक्राउ परेका दुवै जनाविरुद्ध सप्तरी जिल्ला अदालत, राजविराजबाट पाँच दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक घिमिरेले बताउनुभयो।

# उपमेयर सवार गाडी र एम्बुलेन्स ठोक्किँदा आठजना घाइते

काठमाडौं, २७ असार। धनुषाको धनुषाधाम नगरपालिकाकी उपमेयर विद्यादेवी भुजेल सवार गाडी र एम्बुलेन्स ठोक्किँदा आठजना घाइते भएका छन्। शनिबार (असार २७) बिहान करिब ६:२० बजे धनुषाकै मिथिला नगरपालिका-९, बडहरीस्थित पूर्वपश्चिम लोकमार्गमा गाडी र एम्बुलेन्स ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ। बिरामी लिएर विराटनगरतर्फ जाँदै गरेको ना२च २३२ नम्बरको एम्बुलेन्स र उपमेयर भुजेल सवार प्रदेश २-०२-००१ झ ००८२ नम्बरको गाडी आपसमा ठोक्किएर दुर्घटना भएको हो। दुर्घटनामा परी एम्बुलेन्स चालकसहित त्यसमा सवार पाँचजना घाइते भएका छन्। उपमेयरसहित अर्को गाडीका तीन गरी आठजना घाइते भएका प्रहरीले जनाएको छ। घाइते सबैलाई उपचारका निम्ति जानकी मेडिकल कलेजमा पठाइएको छ। घटनाबार थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट :** मार्गानुगामी दैनिक **कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)